जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ७३ २०८२ साल असोज २९ गते बुधबार (15 Oct 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : विदेशमा रहेका नेपाली... ३ पृष्ठमा : वीरगञ्जबाट भन्सार ... ३ पृष्ठमा : भारतमा गुगलको १५ अर्ब ...

# अदालतबाट न्याय पाए पनी कार्यान्वयन नहुँदा भौतारिदै भगत परिवार



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

सप्तरी जिल्ला अदालत र उच्च अदालत जनकपुर-राजविराज इजलाश गरी दुई तहका अदालतबाट न्याय पाएपनी फैसला कार्यान्वयन नहुँदा सप्तरीको शम्भुनाथ नगरपालिका ११ रामपुर जमुवाकी निलम देवी भगत र उनका परिवार यसरी न्यायको पर्खाईमा भौतारिएका छन् ।

पछिल्लो पटक प्रहरीकै अगाडी विपक्षिहरुले अदालतको आदेशको अवज्ञा गर्दै भगत परिवारले आफ्नो स्वामित्वमा रहेको जग्गाको सुरक्षाका लागि गरेको घेरवार भत्काएर उदण्डता देखाएका छन् ।

सो वडामा भगत परिवारको नाममा रहेको कित्ता नं. २३८ को १ विगहा ८ कठ्ठा जग्गामा काटेतार र सिमेन्टको पिलर लगाएर घेरवार गर्न खोज्दा प्रहरीकै अगाडी विपक्षिहरुले भत्काई दिएका हुन् ।

अदालतको आदेश कार्यान्वयन गराउन सोमबार प्रहरी समेतको साथ लिई पुगेका भगत परिवारलाई विपक्षि ब्रह्मदेव गुप्ता भगत, वलिफ चौधरी, कुवेर भन्ने ह्दय चौधरी, बहुरी भगत, राजकुमार साहसहितका अगुवाईमा आएको समूहले गालीगलौज मात्र गरेनन् । घेरवार गरिएका सिमेन्टका पिलरहरु समेत भत्काई दिएको पीडित निलम देवी भगतकी छोरी सरिताले बताइन् । यति मात्र होइन ।

उक्त समूहको अराजक गतिविधि क्यामरामा कैद गरिएका पत्रकार एवं नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझीमाथी दुर्व्यहार गर्नुका साथै क्यामरा समेत फुटाइदिएका छन् । पत्रकार माझीले आक्रमणमा संलग्न ह्दय चौधरी, नारायण खंग, ब्रहमदेव भगत लगायतका व्यक्तिविरुद्ध मंगलबार कुटपिट तथा अभद्र व्यवहारमा मुद्दा चलाउन माग गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीमा जाहेरी दिएका छन् । मुद्दा दर्ता भई उनीहरुको खोजीकार्य भइरहेको प्रहरी उपरिक्षक गौतम कुमार केसीले जानकारी दिए ।

यस्तै मंगलबार नै भगत परिवारले आफ्नो स्वामित्वको जग्गा संरक्षणमा अवरोध पुऱ्याउने घेरवारमा प्रयोग गरिएका संरचनाहरु भत्काउने र गाउँमा सुरक्षित साथ बस्न नदिनेहरु उपर कडा कारवाहीको माग गर्दै प्रहरीमा उजुरी दिएको सरिता भगतले बताइन् ।

प्रहरी उपरिक्षक केसीले अदालतको आदेश पालना गराउन प्रहरी प्रतिबद्ध रहेको तथा पीडित पक्षलाई उचित न्याय दिलाउने गरी काम अघि बढाएको प्रतिक्रिया दिएका छन् ।

## करेन्ट लागेर युवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

राजविराज नगरपालिकामा करेन्ट लागेर सोमबार एक युवकको मृत्यु भएको छ । वडा नं. १२ स्थित सिग्रोन घर भएका २१ वर्षीय अजय कुमार यादवको करेन्ट लागेर मृत्यु भएको हो ।

यादवले अफ्नो घरमा बिजुलीको बोर्ड बनाउने क्रममा करेन्ट लागेर घाईते भएका थिए । घाईते पश्चात् उनलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज ल्याईएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर पुरीले जानकारी दिए ।

पाँच दिन अघि सप्तरीको सप्तकोशी नगरपालिका वडा नम्बर १ घर भएका २८ बर्षिय दिपेश परियारको आफ्नै घरमा जडान गरिएको पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर मृत्यु भएको थियो ।

## पत्रकार माझीमाथी हातपात र दुर्व्यबहार निन्दनीय, दोषीलाई कारवाहीको माग : पत्रकार महासंघ

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

नेपाल पत्रकार महासंघ सप्तरीले पधकार महासंघका केन्द्रीय परिषद् सदस्य एवं राजधानी दैनिक तथा प्राइम टेलिभिजनका सप्तरी सम्वाददाता मनोजकुमार माझी उपर समाचार संकलनको क्रममा सोमबार भएको हातपात एवं दुर्व्यबहारको घट्नाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका अध्यक्ष श्रवणकुमार देवद्वारा मंगलबार जारि विज्ञप्तिमा उक्त ध्यानाकर्षण भएको जनाउँदै जिल्लाको शम्भुनाथ नगरपालिका ११ स्थित एक जग्गामा अदालतको आदेश कार्यान्वयन गराउन प्रहरी समेतको उपस्थितिमा एक व्यक्तिको जग्गामा घेराबेराको काम भइरहेको विषयमा रिपोर्टिङ्ग गर्न पुगेका पत्रकार माझी उपर स्थानीय केहि व्यक्तिले गरेको हातपात र दुर्व्यबहार निन्दनीय रहेको भन्दै घटनाको घोर भर्त्सना गरिएको छ ।

विज्ञप्तिमा पत्रकार माझी उपर हातपात गर्ने व्यक्तिको पहिचान समेत भइसकेको र जिल्ला प्रहरी कार्यालयमा जाहेरी समेत दिइसकेको अवस्थामा यथाशिघ्र दोषीलाई पक्राउ गरी कानुन अनुसारको कार्वाही गर्न जोडदार माग समेत गरिएको छ ।

दिनरात नभनी जनतालाई सुसुचित गराउन अहोरात्र खट्ने पत्रकार रिपोर्टिङ्गकै क्रममा हातपात र दुर्व्यबहारको शिकार हनुले अराजकता मौलाएको पुष्टि भएको ठहर गर्दै विज्ञप्तिमा आगामी दिनमा यस किसिमको व्यबहार नगर्न तथा जिल्लामा पत्रकारिता गर्ने सुरक्षित वातावरणको सृजना गर्न पनि सबैसँग आग्रह गरिएको छ ।

यस्तै सोही विज्ञप्तिमा कंचनरुप नगरपालिकामा तलव नपाएका शिक्षक र जनप्रतिनिधीबीच भइरहेको वार्ताको रिपोर्टिङ्गमा खटिएका स्थानीय अवलोकित दैनिकका सम्वाददाता अनिश शेख उपर नगर प्रमुख ललनप्रसाद गुप्ताले गालीगलौज गर्दै दुर्यव्हार गरेको घटनाप्रति पनि हाम्रो गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञप्तिमा शेखलाई उदृत गर्दै नगरप्रमुख गुप्ताले नगर प्रहरी मार्फत मोवाइलमा खिचेको फोटो र भिडियो समेत डिलिट गराएको जनाउँदै यस्ता घटनाले प्रेस स्वतन्त्रतामाथीको ठाडो उल्लंघन भएको ठहर गरिएको छ । अन्तमा विज्ञप्तिमा भनिएको छ, “हामी यसको कडा रुपमा निन्दा गर्दै आगामी दिनमा यस किसिमको गतिविधि नगर्न तथा प्रेस स्वतन्त्रतामा कुनै हस्तक्षेप नगर्न सचेत गराउँदछौं ।”

## नाधमा डुवेर बालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा नाध (गाई गोरुलाई दानापानी खुवाउने भाँडो) मा डुवेर सोमबार एक बालकको मृत्यु भएको छ ।

आफ्नो घर अगाडि रहेको गाई गोरुलाई दाना पानी खुवाउन

*बाँकी अन्तिम पृष्ठमा*

## मधेस प्रदेशका मुख्यमन्त्री सिंहद्वारा राजीनामा

**दैनिक समाचारदाता**
**जनकपुर, २८ असोज ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मधेस प्रदेशसभाको ‘रोष्टम’बाटै मंगलबार आफ्नो राजीनामा घोषणा गरेका छन् ।

मुख्यमन्त्री सिंहले विश्वासको मत लिनुपर्ने समयसीमाको अन्तिम दिन मंगलबार प्रदेशसभामा विश्वासको मत सामना नगरी रोष्टमबाटै राजीनामा घोषणा गरेका हुन् ।

उनले वक्तव्यको अन्तिममा राजीनामा घोषणा गरेपछि विश्वासको मत विभाजन गर्न नपर्ने भन्दै सभामुख रामचन्द्र मण्डलले अर्को सूचना जारी नहुन्जेलसम्मका लागि प्रदेशसभाको बैठक स्थगित भएको घोषणा गरे ।

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

❖ नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरूको भ्रमण गरौं,
❖ जात्रा, नाचगान, भेषभूषा, साहित्य, कलालागायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
❖ पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
❖ ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
❖ पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
❖ स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
❖ आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कीन रंगशालाप्रति उदासिन ?

सप्तरी जिल्लाको ऐतिहासिक खेलमैदान राजविराजको मुटुमा रहेको राजरंगशाला सबै पक्षबाट उदासिन बनेको छ । विगतमा विभिन्न निकायबाट बजेट बिनियोजित हुँदा समेत रंगशाला पुर्ननिर्माण गर्नेतर्फ सरोकारवाला निकायको ध्यान पुग्न सकेन् । जिल्ला खेलकुद विकास समितीको मातहतमा रहेको यस रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न बजेट बिनियोजित हुँदा पनि सम्बन्धित निकायले कीन अग्रसरता देखाएन । यो सम्पूर्ण नगरवासी, खेलप्रेमी, खेलाडी लगायतको तर्फबाट उठ्ने प्रश्न स्वभाविकै हो ।

हाल रंगशालामा खेलकुद गतिविधि शुन्य झैं छ । खेल मैदान नामको बढी गौचरणमा परिणत हुँदै शौच गर्ने थलो समेत भएको छ । त्यसबाहेक बिहानपख मर्निङ वाक गर्ने स्थान, दिउँसो गौचरण, साँझपख डेटिङ स्थल र राती शौच गर्नेमा प्रयोग भइरहेको छ । रंगशाला घेरिएको पर्खालदेखी दर्शक बस्ने प्यारापिट समेत जिर्ण भइसकेको छ । नयाँ बन्न लागेको प्यारापिट पनि अधुरै छ । पुरानो प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने अवस्थामा पुगेको छ । खेलकुदका लागि निर्माण भएको एतिहासिक रंगशालालाई नयाँ रुप दिन अझै गम्भिर नहुनु खेलकुद समिति र नगरपालिकाको अकर्मन्यता हो ।

तसर्थ रंगशाला पुनर्निमाणको कार्यप्रति तदारुकता देखाउनु आवश्यक छ । जिल्लाकाका राजनैतिक दल, बुद्धिजिवी, खेलाडी खेलप्रेमी तथा सरोकारवाला निकायले खबरदारी गर्न अब जरुरी भइसकेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको व्यवस्था गर्न एनपीआईको सिफारिस

काठमाडौँ, २८ असोज (रासस)।

नेपाल पोलिसी इन्स्टिच्युट (एनपीआई)ले विदेशस्थित नेपाली नागरिकका लागि मतदानको व्यवस्था गर्न आग्रह गर्दै निर्वाचन आयोगलाई नौ बुँदे नीति सिफारिस गरेको छ।

'विदेशस्थित नेपाली नागरिकका लागि बाह्य मतदानको व्यवस्था आगामी २०२६ को निर्वाचन र त्यसपछिका सम्भावित उपायहरू' शीर्षकको नीति सिफारिस एनपीआईले निर्वाचन आयोगका आयुक्त जानुका तुलाधर र अन्य पदाधिकारीहरू तथा सचिव माधव पन्तलाई बुझाएको छ।

विश्वका धेरै देशहरूले विभिन्न विधि प्रयोग गरेर विदेशमा रहेका नागरिकलाई मतदानको अधिकार कार्यान्वयन गरेको उल्लेख गर्दै एनपीआईले विदेशमा रहेका नेपालीका लागि मिश्रित प्रकारको बाह्य मतदान विधि सुझाएको छ। मेक्सिकोले सन् २०२४ को सङ्घीय निर्वाचनमा र फिलिपिन्सले सन् २०२५ को निर्वाचनमा विदेशस्थित नागरिकलाई मतदानको अधिकार प्रदान गरेका थिए। मेक्सिको र फिलिपिन्सका अनुभवबाट सिक्दै नेपालका लागि मिश्रित बाह्य मतदान मोडेल ( दूतावासमा प्रत्यक्ष मतदान, हुलाकमार्फत मतदान र इन्टरनेटमा आधारित आइ-भोटिङ) अपनाउन सकिने एनपीआईले प्रस्ताव गरेको छ।

लाखौँ नेपाली नागरिक काम, अध्ययन वा अन्य प्रयोजनका लागि विदेशमा रहेको सन्दर्भमा उनीहरूलाई राष्ट्रिय निर्वाचनमा मतदान गर्ने मौलिक अधिकारबाट वञ्चित हुन नपरोस् भन्नका लागि उनीहरूलाई मतदानको अवसर प्रदान गर्नुपर्ने एनपीआइका अध्यक्ष डा खगेन्द्रराज ढकालले बताउनुभयो।

जानकारहरूका अनुसार इ-भोटिङ दूतावास वा मतदान केन्द्रमा इलेक्ट्रोनिक मेसिनमार्फत हुने प्रक्रिया हो भने आइ-भोटिङ इन्टरनेटको माध्यमबाट मतदाताले आफू बसेको स्थानबाटै सुरक्षित सर्भरमा मतदान गर्न सक्ने प्रणाली हो। डा ढकालका अनुसार आइ-भोटिङ प्रविधि इ-भोटिङभन्दा फरक र अधिक समावेशी समाधान हो।

काठमाडौँस्थित एनपीआई सचिवालयका अनुसार उक्त नीति सिफारिस प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयसहितका प्रमुख सरकारी निकायहरूमा पनि बुझाइएको छ।

गत महिना जेनजीको नेतृत्वमा भएको आन्दोलनपश्चात् विदेशमा रहेका नेपालीले मतदान गर्न पाउनुपर्ने मुद्दा पुनः प्राथमिकतामा परेको छ। विदेशमा काम गर्ने वा अध्ययनरत नेपालीलाई मतदान प्रक्रियामा समेट्नु उनीहरूलाई देशको भविष्यमा वास्तविक सरोकार दिनु पनि हो। यही सन्दर्भमा, सरकारले राजनीतिक इच्छाशक्ति प्रदर्शन गरी विदेशस्थित मतदानलाई यथार्थमा रूपान्तरण गर्ने अभूतपूर्व अवसर पाएको अध्यक्ष डा ढकालको भनाइ छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई निर्वाचनमा सहभागिता गर्ने अधिकार सुनिश्चित गरेको छभने सर्वोच्च अदालतले पनि विदेशमा रहेका नागरिकलाई मतदान गर्ने अधिकार सुनिश्चित गर्न आदेश दिएको छ। राजनीतिक दलहरूले बारम्बार विदेशस्थित नेपाली नागरिकलाई मतदानको अधिकार विस्तार गर्ने प्रतिबद्धता जनाए पनि हालसम्म कार्यान्वयनमा आएको छैन।

बाह्य मतदानका लागि छुट्टै कानुनी प्रावधान तयार गर्दै डिजिटल मतदाता दर्ता र समानुपातिक निर्वाचनमा आइ-भोटिङमार्फत मतदान गर्न कानुनी मान्यता दिनु उपयुक्त हुने डा ढकालले बताउनुभयो। साथै प्रभावकारी सहभागिताका लागि बहुदिवसीय मतदानबाट अधिकतम सहभागिता सुनिश्चित गर्न सकिने पनि उहाँको भनाइ छ।

एनपीआईले मध्यम र दीर्घकालीन अवधिका लागि नेपालले बाह्य मतदानका सिकाइबाट अगाडि बढ्दै आइ-भोटिङलाई निर्वाचनको मुख्य प्रणालीका रूपमा संस्थागत गर्नुपर्ने सिफारिस गरेको छ। यसले विदेशस्थित मात्र नभई आन्तरिक रूपमा सरेका जनसङ्ख्या (जस्तै कार्यरत कर्मचारी, विद्यार्थी र असुरक्षित समुदाय)लाई समेत निर्वाचन प्रक्रियामा समेट्ने मार्ग खोल्नेछ।

नेपालका आप्रवासी नागरिकहरूको संवैधानिक अधिकार, आर्थिक योगदान, निर्वाचनको वैधता तथा अन्य कारणले पनि विदेशस्थित नेपालीका लागि मतदान आवश्यक भएको छ। मलेसिया र खाडीका देशमा आइ-भोटिङ सबैभन्दा उपयुक्त उपाय हुनसक्ने एनपीआईले दाबी गरेको छभने अष्ट्रेलिया, दक्षिण कोरिया, जापान, युरोपेली देश र उत्तरी अमेरिकाजस्ता मुलुकमा प्रभावकारी हुलाक प्रणालीका कारण हुलाकमार्फत मतदान उपयुक्त विकल्प हुनसक्ने जनाएको छ।

यो नीति सिफारिस ब्रीफले विश्वका एक सय १५ भन्दा बढी देशमा रहेका बाह्य मतदानका अभ्यासको तुलनात्मक अध्ययनमा आधारित रही नेपालका लागि मोडेलहरू प्रस्ताव गरेको संस्थाले जनाएको छ। उक्त नीति ब्रीफ पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती, पूर्वनिर्वाचन आयोगका सचिव गोपीनाथ मैनाली, आप्रवासन विज्ञ शरू जोशी श्रेष्ठ, डा अम्बिका अधिकारीलगायतको सुझावका आधारमा एनपीआईका अध्यक्ष डा ढकाल र लीजा महर्जनले तयार गर्नुभएको हो। संस्थाले विगत आठ वर्षदेखि आप्रवासन र डायस्पोरा नीति अनुसन्धानलाई आफ्नो मुख्य कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ।

# 'वास्तविक किसानलाई प्राथमिकता दिनुपर्छ'

काठमाडौँ, २८ असोज (रासस)।

नर्सरी व्यवसायी सङ्घको आयोजनामा पुष्प, फलफूल, कृषिवन तथा जडीबुटी नर्सरी व्यवसायका उत्पादनको बृहत् प्रदर्शनी 'प्रथम तिहार फ्लोरा एक्सपो २०८२' मंगलबारदेखि सुरु भएको छ।

मेलाको उद्घाटन गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले वास्तविक किसान तथा साना किसानलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो। उहाँले अनुदान दिएर मात्र होइन बजारको सुनिश्चितता पनि महत्वपूर्ण पाटो रहेको प्रतिक्रिया दिनुभयो।

"आन्तरिक प्रवर्द्धन र राष्ट्रिय सुरक्षा हाम्रो प्राथमिकता हो। अब बन्ने नीति किसानमैत्री हुनुपर्छ। साना किसानलाई हौसला बढाउनुपर्ने, जोखिम न्यूनीकरण गर्ने र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नु हाम्रो उद्देश्य हो", सचिव शर्माले भन्नुभयो।

नर्सरी व्यवसायी सङ्घ नेपालका उपाध्यक्ष तथा मेला संयोजक लक्ष्मी महर्जनले यस मेलाले नर्सरी व्यवसाय गर्न चाहने नवउद्यमी, जिज्ञासु एवं अध्ययन-अध्यापन साथै अनुसन्धान गर्ने सम्पूर्णका लागि मेला बृहत् साझा मञ्च हुने विश्वास लिएको बताउनुभयो।

पाँचदिने मेलामा देशभरिबाट पुष्प नर्सरी, फलफूल नर्सरी, कृषि वन नर्सरी तथा जडीबुटी नर्सरीको ७०० भन्दा बढी प्रजातिका बोटबिरुवा प्रदर्शनी तथा बिक्री वितरणका लागि राखिएका छन्। साथै मलखाद, अर्ग्यानिक एवं रासायनिक विषादी, बीउ बिजन, औजार उपकरण तथा प्रविधिको समेत कक्ष रहनेछ। मेलामा विभिन्न किसिमका ७० कक्ष रहनेछन्। मेलामा कम्तीमा ३५ हजार अवलोकनकर्ताले अवलोकन गर्ने तथा रु ७० लाखभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको छ।

### मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जारी छुट जग्गा दर्ता सहित नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८२/६/२६

सप्तरी जिल्ला कमलपुर गा.वि.स. वा.नं. २ हाल परिवर्तित ठेगाना सप्तकोशी न.पा. वा.नं. ९ बस्ने लक्ष्मी महतो कोइरीले बाबु बहादुर महतोको नाममा तपसील बमोजिमका जग्गा रहेकोमा बहादुर महतोको मिति २०३४ साल अगावैमा, निजकी एकमात्र पत्नि श्रीमती चम्पीदेवी महतो मिति २०३३ साल अगावैमा मृत्यु भएको र निजहरुको शेषपछिको हकवाला अविवाहित छोरीहरु कोही नरही एक मात्र छोरा लक्ष्मी महतो कोइरी मात्र रहेकोले मेरो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा निवेदक संख्या एकले द.नं. ६५४२ मिति २०८२।२।२६ मा निवेदन मागदावी गरेकोमा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुनु नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गूठी लगायत अन्य सांध संधियारको जग्गा घुसी घुसाई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित कित्ता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५(पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ ।

तपसील

| मृतक ज.ध. | ज.ध. को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| बहादुर महतो | कन्चन महतो | | सप्तरी | कमलपुर | १ | १ | ०.४११ | फिल्डबूक उत्तारको कैफियत महलमा कमलपुर वा.नं. २ बस्ने बहादुर महतोको नम्बरी हो उल्लेख रहेको । |

मालपोत अधिकृत
मालपोत कार्यालय,
कन्चनपुर, सप्तरी

# वीरगञ्जबाट भन्सार छली गरेको दुई किलोग्राम सुन र १० किलोग्राम चाँदी बरामद

पर्सा, २८ असोज (रासस)।
सशस्त्र प्रहरी बल नेपाल पर्सा र पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयले भन्सार छली गरेर गोदाममा राखेको भन्दै दुई हजार २५४ ग्राम सुन र १० हजार ३५४ ग्राम चाँदी बरामद गरेको छ।

विशेष सूचनाका आधारमा वीरगञ्ज महानगर-८ स्थित माईस्थानस्थित अभिषेक सर्राफको घरमा अवैध रूपमा भन्सार छली गरेको सुन र चाँदी गोदाममा रहेको सूचनाका आधारमा सो परिमाणको सुन र चाँदी बरामद गरेको हो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक पुरनचन्द्र भट्टले बरामद भएको सुनचाँदी र नगद राजस्व अनुसन्धान कार्यालयमा बुझाइएको जानकारी दिनुभयो।

"भन्सार छली गरेर सुन चाँदी भित्र्याएको आशङ्कामा सोमबार छापा मर्दा सो परिमाणको सुनचाँदी बरामद भएको हो", उहाँले भन्नुभयो, "संयुक्त टोलीद्वारा उक्त सुनचाँदी नियन्त्रणमा लिई सुन चाँदी व्यवसायी सङ्घमा लगी मापन गर्दा सुन दुई हजार २५४.८६ ग्राम र चाँदी १० हजार ३५४.०७ ग्राम फेलापरेको छ।"

सशस्त्र प्रहरीले सुनजस्तो देखिने थप पाँच सय ५९.१० ग्राम र चाँदीजस्तो देखिने पाँच सय ५० ग्राम पनि बरामद गरेको जनाएको छ। त्यसैगरी सोही गोदामबाट एक लाख नौ हजार नेपाली रुपैयाँ र भारु ४१ हजार ६० पनि बरामद गरेको छ।

पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले सुनचाँदीको परीक्षण र अन्य अनुसन्धानको काम अघि बढाइने बताउनुभयो। "बरामद भएको सुनचाँदीको परीक्षण भएपछि राजस्व अनुसन्धान विभागबाट अनुसन्धान अधिकृत तोकेर आएपछि छानबिनको प्रक्रिया अघि बढ्नेछ", उहाँले भन्नुभयो। राजस्व चुहावटको सूचनाका आधारमा सो सुनचाँदी बरामद भएकाले पनि आवश्यक कागजात हेरेर मुद्दा चलाइने उहाँको भनाइ छ।

# २३ लाख ८० हजार किसान सूचीकृत

काठमाडौं, २८ असोज (रासस)।
किसान सूचीकरण कार्यक्रमअन्तर्गत २३ लाख ८० हजार किसान सूचीकृत भएका छन्। अनुदानसहित आवश्यक सहायता उपलब्ध गराउन सरकारले उक्त कार्यक्रम ल्याएको हो। राज्यबाट देशभरका किसानलाई विद्युतीय प्रणालीमार्फत सुविधा दिने तयारीसहित किसानलाई सूचीकृत गर्न थालिएको कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले जनाएको छ।

किसानलाई सूचीकृत गरी उहाँहरूको आम्दानीको अवस्था हेरेर चार प्रकारमा वर्गीकरण गरिने केन्द्रका अधिकृत सन्जिव पण्डितले जानकारी दिनुभयो। उहाँका अनुसार निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान पहिचान गरी परिचयपत्र वितरण गरिनेछ।

विद्युतीय सूचना प्रणालीमा किसान जोडिएपछि रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधा उपलब्ध गराउन सहज हुनेछ। "विसं २०७८ को जनगणनाअनुसार करिब ४१ लाख किसानको गणना गरिएकाले केन्द्रले पनि उहाँहरूलाई समेट्ने योजना बनाएको हो। कार्यक्रम सम्पन्न हुने समयसम्म यो सङ्ख्या केही घटबढ हुन सक्छ", उहाँले भन्नुभयो।

कृषि सूचना तथा प्रशिक्षण केन्द्रका अधिकृत पण्डितका अनुसार उक्त कार्यक्रममा देशभर स्थानीय तहमार्फत किसानको सूचना सङ्कलन गरिएको हो। किसानबाट उत्पादित उपज, खेती गरेको जमिनको क्षेत्रफललगायत विवरणसहित एकीकृत तथ्याङ्क सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो।

उहाँले विसं २०७७ फागुनमा मन्त्रिस्तरीय बैठकबाट सुरु भएको यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानहरूलाई आग्रह गर्नुभयो। किसानको पहिचान नभएसम्म उहाँहरूले राज्यबाट दिने अनुदान र सेवासुविधा पाउन नसक्ने भएकाले आफ्नो नाम दर्ता गराउन किसानलाई अनुरोध गरिएको उहाँले बताउनुभयो।

# अर्थतन्त्रको आकार ६१ खर्ब सात अर्ब, वृद्धिदर ४.६१ प्रतिशत

काठमाडौं, २८ असोज (रासस)।
गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत र अर्थतन्त्रको आकार रु ६१ खर्ब सात अर्ब २२ करोड बराबर देखिएको छ।

अर्थ मन्त्रालयले मंगलबार सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनअनुसार गत आवमा कुल रु १८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरिएकामा रु १५ खर्ब १२ अर्ब ९८ करोड अर्थात् ८१ दशमलव ३३ प्रतिशत खर्च भएको छ।

चालु खर्चमा रु ११ खर्ब ४० अर्ब ६७ करोड विनियोजन भएकामा रु नौ खर्ब ५६ अर्ब ३६ करोड अर्थात् ८३ दशमलव ८४ प्रतिशत खर्च भएको छ। पुँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएकामा रु दुई खर्ब २३ अर्ब ९४ करोड अर्थात् ६३ दशमलव ५६ प्रतिशत खर्च भएको छ। वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब ६७ अर्ब २८ करोड विनियोजन भएकोमा रु तीन खर्ब ३२ अर्ब ६७ करोड अर्थात् ९० दशमलव ५८ प्रतिशत खर्च भएको प्रतिवेदनमा जनाइएको छ।

गत आर्थिक वर्षमा कुल रु ११ खर्ब ९६ अर्ब १८ करोड ९८ लाख राजस्व सङ्कलन भएको छ। जसमध्ये कर राजस्व रु १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख, गैरकर राजस्व रु एक खर्ब २८ अर्ब ९४ करोड ४८ लाख र अन्य प्राप्ति रू १७ अर्ब ३६ करोड ९६ लाख रहेको अर्थ मन्त्रालयले जनाएको छ। बजेटमा लक्ष्य गरिएको राजस्व सङ्कलन लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड ३० लाखको तुलनामा ८४ दशमलव २८ प्रतिशत राजस्व सङ्कलन भएको हो।

गत आर्थिक वर्षमा अनुदान रु २३ अर्ब ५३ करोड र ऋण रु एक खर्ब २५ अर्ब ४० करोड गरी कुल रु एक खर्ब ४८ अर्ब ९३ करोड वैदेशिक सहायता प्राप्त भएको छ। गत आवको कुल वैदेशिक सहायतामध्ये अनुदान १५ दशमलव ८० प्रतिशत र ऋण ८४ दशमलव २० प्रतिशत बराबर हो।

घाटा बजेट परिपूर्तिका लागि गत आवमा सरकारले रु तीन खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋण रु एक खर्ब २५ अर्ब ४० करोड बाह्य ऋण गरी कुल रु चार खर्ब ५५ अर्ब ३९ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ।

मालपोत कार्यालय कन्चनपुर, सप्तरीबाट जग्गा छुट जग्गा दर्ता सहित नामसारी
हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना

मिति: २०८२/६/२७

सप्तरी जिल्ला फतेपुर गा.वि.स. वा.नं. ७ हाल परिवर्तित ठेगाना सप्तकोशी न.पा. वा.नं. ४ बस्ने रामएकबाल रजक धोबीले बाबु सम्पति साफी धोबीको नाममा तपसील बमोजिमको जग्गा नाप नक्सा भई दर्ता हुन सम्म छुट भएको र सम्पति साफी धोबीको मिति २०४७/५/७ मा, निजकी एकमात्र पत्नि रनिया देवीको पनि २०२३ सालमा मृत्यु भएको र निजहरुको भोगपछिको हकवाला अविवाहित छोरीहरु कोही नरही तीन (३) मात्र छोराहरु देवी साफी रजक, नारायण साफी र रामएकबाल रजक धोबी मात्र रहेकोमा सम्मानित सप्तरी जिल्ला अदालतबाट मिति २०४७/२/६ मा भएको अंश मिलापत्र मुद्दा बमोजिम रामएकबाल रजक धोबी (निवेदक) को अंशभागमा परेको, फिल्डबुकको किसान महलमा उल्लेखित फुलेश्वर सदाको एकमात्र पत्नि श्रीमती भालरार देवीले भूमिसुधार कार्यालय, सप्तरीको मि.नं. ५०३/०५१।०५२ को मोही बाँडफाँट मुद्दामा मिति २०५१/११/२५ गते मिलापत्र गरी मोही दावी छाडिदिएको जग्गा मेरो नाममा छुट जग्गा दर्ता गरी नामसारी गरी पाऊँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा निवेदक स्वयं एकले द.नं. ६३५२ मिति २०८१।१।२४ मा निवेदन मागदावी गरेकोमा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपूर्जा दिन नमिल्ने कुनै कारण भए वा माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी हुन नपर्ने कुनै कारण भए सरकारी, सार्वजनिक, पर्ती, ऐलानी, गुठी लगायत अन्य साँध सँधियारको जग्गा घुसी पुराई नाँप जाँच भएको भए वा कसैले उल्लिखित जग्गाको हकमा दर्ता नामसारीको लागि यस पूर्व मिसिल भिडाइ दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित कित्ता जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्यादबाहेक ३५ (पैतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजूर/दावी गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको उजूर/दावी पर्न नआए माग दावीलाई स्वीकार गरेको मानी कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराइन्छ।

तपसील

| मृतक ज.ध. | ज.ध. को बाबुको नाम | ज.ध. को बाजेको नाम | जिल्ला | गा.वि.स. | वा.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सम्पति साफी | हियालाल रजक साफी | | सप्तरी | भरुवाखाल | ६क | ४५७ | ०-४-५ | फिल्डबूक उत्तारको कैफियत महलमा यो जग्गा को बरसाइन बस्ने जानकीका पछि सम्पति साफीको नम्बरी हो बटैया गरी आएको छ उल्लेख रहेको। |

मालपोत अधिकृत
मालपोत कार्यालय,
कञ्चनपुर, सप्तरी

# विश्व समाचार

## भारतमा गुगलको १५ अर्ब डलर लगानी, अमेरिका बाहिरको सबैभन्दा ठूलो एआई हब निर्माण हुने

नयाँदिल्ली, २८ असोज (रासस/एएफपी)।
विश्वप्रसिद्ध प्रविधि कम्पनी गुगलले भारतमा अभूतपूर्व लगानी योजना घोषणा गरेको छ। कम्पनीले आगामी पाँच वर्षभित्र १५ अर्ब अमेरिकी डलर बराबरको पूँजी लगानी गर्दै भारतको दक्षिणी राज्य आन्ध्र प्रदेशको विशाखापट्नम सहरमा अमेरिका बाहिरको सबैभन्दा ठूलो आर्टिफिसियल इन्टेलिजेन्स (एआई) हब निर्माण गर्ने बताएको छ।

गुगल क्लाउडका प्रमुख कार्यकारी अधिकारी थोमस कुरियनले नयाँदिल्लीमा आयोजित समारोहमा यस हबलाई 'गिगावाट-स्केल एआई आधार' का रूपमा विकास गरिने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो गुगलले अमेरिका बाहिर गर्ने सबैभन्दा ठूलो एआई लगानी हो। हामीले आगामी पाँच वर्षमा १५ अर्ब डलरको पूँजी लगानी गर्दै यस्तो पूर्वाधार तयार गर्नेछौं जसले भारतलाई एआई प्रविधिको विश्वव्यापी नक्सामा अग्रस्थानमा पुऱ्याउनेछ।"

कुरियनका अनुसार गुगलले निर्माण गर्न लागेको उक्त एआई केन्द्रलाई अन्ततः 'धेरै गिगावाट क्षमतामा' विस्तार गर्ने योजना छ। यस लगानीले भारतमा तीव्र रूपमा बढिरहेको डिजिटल बजार र एआई उपकरणहरूको मागलाई सम्बोधन गर्नेछ। हाल भारतमा इन्टरनेट प्रयोगकर्ताहरूको सङ्ख्या ९० करोड नाघ्ने अनुमान गरिएको छ, जसले व्यवसाय र व्यक्तिगत दुवै तहमा प्रविधिको प्रयोगलाई नयाँ उचाइमा पुऱ्याएको छ।

भारतका सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले गुगलको लगानीप्रति धन्यवाद ज्ञापन गर्दै भन्नुभयो, "यो डिजिटल पूर्वाधार हाम्रो 'भारत एआई' दृष्टिकोणका लक्ष्यहरू पूरा गर्नको दिशामा महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ। यसले भारतलाई एआई प्रविधिको उत्पादन र नवप्रवर्तन केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याउनेछ।"

त्यसैगरी, आन्ध्र प्रदेशका मुख्यमन्त्री चन्द्रबाबु नायडूले यो परियोजनालाई राज्यका लागि 'एक ऐतिहासिक र अत्यन्त खुशीको दिन' का रूपमा वर्णन गर्नुभयो। उहाँका छोरा तथा राज्यका प्रविधिमन्त्री नारा लोकेशले सामाजिक सञ्जाल 'एक्स' मा लेख्दै भन्नुभयो, "यो लगानी एक वर्षको गहन छलफल र अथक प्रयासपछि सम्भव भएको हो। यो केवल सुरुआत हो–हाम्रो राज्यको डिजिटल भविष्य, नवीनता र विश्वव्यापी प्रतिष्ठाका लागि यो एक ठूलो छलाङ हो।"

गुगलको यो निर्णय भारतमा तीव्र रूपमा विकसित भइरहेको कृत्रिम बुद्धिमत्ता (एआई) बजारप्रति अन्तर्राष्ट्रिय कम्पनीहरूको बढ्दो चासोको अर्को उदाहरण बनेको छ। यसै महिना अमेरिकी एआई स्टार्टअप एन्थ्रोपिकका प्रमुख कार्यकारी अधिकारी डारियो अमोदेईले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्दै अर्को वर्ष भारतमा आफ्नो कार्यालय स्थापना गर्ने योजना घोषणा गर्नुभएको थियो।

प्रधानमन्त्री मोदीले एक्समा लेख्दै अमोदेईलाई धन्यवाद ज्ञापन गर्दै भन्नुभयो, "भारतको जीवन्त टेक इकोसिस्टम र प्रतिभाशाली युवाहरूले एआई इनोभेसनलाई गति दिइरहेका छन्। हामी विकासका लागि एआईको अधिकतम उपयोग गर्न प्रतिबद्ध छौं।"

एन्थ्रोपिकको यो निर्णयपछि अन्य शीर्ष एआई कम्पनीले पनि भारतीय बजारमा आफ्नो उपस्थिति विस्तार गर्ने घोषणा गरेका छन्। ओपनएआईले यस वर्षको अन्त्यमा भारतमा आफ्नो कार्यालय खोल्ने तयारी गरेको जनाएको छ। यसका प्रमुख साम अल्टम्यानका अनुसार भारतमा च्याटजिपिटीको प्रयोग गत वर्षको तुलनामा चार गुणा बढेको छ।

यस्तै, एआई कम्पनी पर्प्लेक्सिटीले गत जुलाईमा भारतीय टेलिकम कम्पनी एयरटेलसँग साझेदारी गरेको थियो, जसअनुसार एयरटेलका ३६ करोड ग्राहकलाई एक वर्षका लागि पर्प्लेक्सिटी प्रो को निःशुल्क सदस्यता प्रदान गरिएको छ।

गुगलको यो १५ अर्ब डलरको लगानीसँगै भारत एआई प्रविधिको प्रमुख केन्द्र बन्ने मात्र नभई यसले देशको डिजिटल पूर्वाधार, रोजगारी र अनुसन्धान क्षेत्रमा समेत नयाँ अध्याय खोल्ने अपेक्षा गरिएको छ।

## बाइडेनद्वारा बन्धक मुक्ती र युद्धविराम सम्झौताको स्वागत गर्दै ट्रम्पको प्रशंसा

वासिङ्टनडीसी (अमेरिका), २८ असोज (रासस/एएनआई)।
लामो युद्ध अन्त्य गर्ने सम्झौताको सफलता सँगै इजरायल - गाजा द्वन्द्वमा बन्दी बनाइएका अन्तिम २० जना बन्धकहरूलाई रिहा गरिएको छ। यो समाचार पछि विज्ञप्ति जारी गर्दै पूर्व अमेरिकी राष्ट्रपति जो बाइडेनले बन्दक मुक्ती र नयाँ युद्धविराम सम्झौता प्रति कृतज्ञता व्यक्त गर्दै यसको नेतृत्व गरेकामा राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशंसा गर्नु भएको छ।

सफलता प्राप्ती भएकोमा आभार व्यक्त गर्दै अन्तिम जीवित २० जना बन्धकहरूका लागि अकल्पनीय नरकबाट गुज्रेर अन्ततः आफ्नो परिवार र प्रियजनहरूसँग पुनर्मिलन भएकोमा खुशी व्यक्त गर्नु भएको छ।

युद्धका कारणले अथाह क्षति भोगेका गाजाका नागरिकहरूले युद्धविराम र शान्ति सम्झौता पछि अन्ततः आफ्नो जीवन पुनर्निर्माण गर्ने मौका पाउने बाइडेनले सामाजिक सञ्जाल एक्स मार्फत जनाउनु भएको हो।

उहाँले आफ्नो राष्ट्रपतिको कार्यकालमा मानवीय सङ्टलाई सम्बोधन गर्न र द्वन्द्वको अन्त्य गर्न आफूले हरसम्भव प्रयास गरेको बताउदै यो सम्झौताको बाटो सजिलो नभएता पनि हाल आएर सम्भव भएकोमा राष्ट्रपति डोनाल्ड ट्रम्प र उहाँको टोलीलाई सम्झौता अन्तिम रूप दिन सहयोग गरेको श्रेय दिनु भएको छ।

अन्तर्राष्ट्रिय समर्थनका साथ गरिएको सम्झौतामा बन्धकहरूको सुरक्षित फिर्ती र युद्ध अन्त्येका साथै गाजामा पुनर्निर्माण प्रयासको ढोका खोल्ने र दीर्घकालीन कूटनीतिक संलग्नता दुवै समावेश हुने उहाँले बताउनु भएको छ।

संयुक्त राज्य अमेरिका र विश्वको समर्थनमा, मध्य पूर्व शान्तिको बाटोमा गएको बताउदै उहाँले आगामी दिनमा इजरायली र प्यालेस्टिनीहरूका लागि शान्ति, र सुरक्षाको साथ उज्जवल भविष्यको आशा व्यक्त गर्नु भएको छ। ट्रम्पले अन्य क्षेत्रीय नेताहरूसँगै गाजा युद्धविराम सम्झौतामा सोमबार, हस्ताक्षर गर्नु भएको थियो।

# एक्वा पानी उद्योगलाई दुई लाख जरिवाना



**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ५ मोहनपुर स्थित विरेन्द्र फुड्स एण्ड ब्रेभेज इन्ड्ष्ट्रिजलाई दुई लाख रुपैयाँ जरिवाना गरिएको छ ।

इन्ड्ष्ट्रिजबाट उत्पादन हुने एक्वा पानीको बोतलमा लेदो तथा आँखाले प्रष्टसंग देखिने बाह्य वस्तु (सोलिड एण्ड डस्ट) भेटिएकाले दुईलाख जरिवाना गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

मंगलबार जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकिय अधिकृत जितेन्द्र पासवानको नेतृत्वमा उद्योगमा पुगेको संयुक्त बजार अनुगमन टोलीले अनुगमनको क्रममा ६० बटा पानीको बोतलमा लेदो र बाह्य बस्तु फेला पारेपछि दुईलाख जरिवाना गरेको हो । उक्त बोतलहरु टोलीले तत्कालै नष्ट गरेका थिए । टोलीमा सहभागी खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख राजिन बुढाथोकीले उक्त उद्योगलाई दुईलाख रुपैयाँ जरिवानाका साथै मेशिनहरुको मरमत र पानी उत्पादन गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरको प्रयोगशालाबाट परीक्षण गराई शुद्धताको प्रमाणित पत्र पेश नगरे सम्म बिक्रि बितरणमा समेत रोक लगाइएको जानकारी दिए ।

शुद्ध पिउने पानी भनेर उक्त उद्योगबाट बजारमा पठाइएको मध्ये करिब तीनसय बोतलमा बाह्य बस्तु फेला परेको उपभोक्ताहरुको गुनासो आएपछि उद्योगमै टोली पुगेर अनुगमन गरेको टोलीमा सहभागी उद्योग बाण्ज्यि संघ सप्तरीका महासचिव अमृत संचेतीले बताए । उपभोक्ताको स्वास्थ्यमा असर पर्ने दुषित पानी बजारमा पठाएर लापरवाही समेत गरेकाले यस्तो कारवाही गरिएको जिल्ला प्रशासन कार्यालयका नायवसुब्बा प्रकाश देवकोटाले बताए ।

# जनस्वराज पार्टी निर्वाचन आयोगमा दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, २८ असोज ।**

जनमत पार्टीबाट विभाजन भएर गठन भएको जनस्वराज पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ । दीपक साहको नेतृत्वमा २५ सदस्यीय कार्यसमितिसहित जनस्वराज पार्टी दर्ता भएको आयोगले जनाएको हो ।

आयोगका अनुसार जनस्वराज पार्टीले माग गरेको झण्डामा निलो, सेतो र रातो रङ्गको ठाडो धर्का रहनेछ । जनस्वराज पार्टीले माग गरेको छाप गोलाकार हुनेछ, जसमा पार्टीको नाम अंकित हुनेछ र मध्य भागमा पार्टीको निर्वाचन चिह्न रहनेछ ।

हाललाई जनस्वराज पार्टीले कुनै निर्वाचन चिन्ह माग गरेको नदेखिएकाले, आयोगमा दर्ता कायम रहेका दलहरूको चिन्हसँग नबाझिने गरी उपयुक्त चिन्ह प्रस्ताव गर्न आयोगले जनस्वराज पार्टीलाई निर्देशन दिने जनाएको छ ।

त्यसैगरी, निर्वाचन आयोगले जनमत पार्टीबाट निर्वाचित प्रदेश सभा र स्थानीय तहका प्रतिनिधिहरूलाई निर्वाचन कार्यालयहरूमा गएर सनाखत गर्न भनेको छ ।

आयोगले दिएको पत्रमा भनिएको छ, 'नयाँ गठन भएको जनस्वराज पार्टीमा सो दल गठन हुनुभन्दा तत्काल जनमत पार्टीको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यले राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम ७ (क) बमोजिम प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारी समक्ष स्वयं उपस्थित भई सनाखत गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने ।'

# प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा ६ वटा रिट पेस

काठमाडौं, २८ असोज (रासस) ।

सर्वोच्च अदालतमा मंगलबारदेखि रिट निवेदन दर्ता खुलेसँगै प्रतिनिधिसभा विघटनविरुद्ध हालसम्म ६ वटा रिट निवेदन पेस भएका छन् ।

गत भदौ २४ गते भएको जेनजी प्रदर्शनमा अदालतमा आगजनी, ढुङ्गामुढा, तोडफोड र लुटपाटबाट क्षति भएपछि बन्दी प्रत्यक्षीकरणका निवेदन तथा अत्यावश्यक निवेदन दर्ता र सुनुवाइबाहेक सबै काम स्थगत भएको थियो । मंगलबारदेखि रिट निवेदन दर्ता र सुनुवाइ खुलेपछि प्रतिनिधिसभा विघटनविरुद्ध धमाधम रिट निवेदन आएका हुन् ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार प्रतिनिधिसभा विघटनविरुद्ध हालसम्म ६ वटा रिट निवेदन पेस गरिएकामा दर्ताका लागि अध्ययन भइरहेको छ ।

यही असोज २६ गतेको प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतसहित सम्पूर्ण न्यायाधीशको पूर्ण बैठक (फूल कोर्ट)ले मंगलबारदेखि रिट निवेदन दर्ता एवम् सुनुवाइ गर्ने निर्णय गरेको थियो ।

# कांग्रेस कार्यवाहक सभापतिको जिम्मेवारी खड्कालाई

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ असोज ।**

नेपाली कांग्रेसको कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिइएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा मंगलबार सुरु भएको बैठकलाई सम्बोधन गर्दै सभापति देउवाले स्वास्थ्य समस्याका कारण आफू उपस्थित हुन नसक्ने कारण देखाउँदै उपसभापति खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी तोढास्केका हुन् ।

बैठकको सुरुआतमा सभापति देउवाले सम्बोधन गरेपश्चात् यही असोज ३० गते दिउँसो १:०० बजे बस्नेगरी बैठक स्थगित गरिएको छ । बैठकमा वर्तमान केन्द्रीय समितिका पदाधिकारी तथा केन्द्रीय सदस्यहरू एवम् आमन्त्रित केन्द्रीय सदस्यहरूको उपस्थिति रहेको थियो ।

# हमासको कब्जामा रहेका कञ्चनपुरका जोशी जीवित नरहेको पुष्टि

काठमाडौं, २८ असोज (रासस) ।

विगत दुई वर्षदेखि प्यालेस्टाइनी समूह हमासको कब्जामा रहेका कञ्चनपुरका विपीन जोशी जीवित फर्कने आशा करिब निराशामा परिणत भएको छ । इजरायलका अधिकारीले जोशी जीवित नरहेको पुष्टि गरेका इजरायलस्थित नेपाली दूतावासले जनाएको छ ।

इजरायली अधिकारीले नेपाली राजदूतावासलाई सम्पर्क गरेर जोशी जीवित नभएको जानकारी दिएका नेपाली दूतावासले उल्लेख गरेको छ । हमास समूहले इजरायलको किबुल आलुमिमबाट विसं २०८० असोज २३ मा जोशीलाई अपहरण गरेको थियो ।

नेपालका लागि इजरायलका पूर्वराजदूत हनान गोदरले पनि जोशी जीवित नरहेको सामाजिक सञ्जालमार्फत पुष्टि गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालका लेख्नुभएको छ, "विपीन जोशी अब हामीमाझ रहनुभएन । दुई वर्षको आशा अब समाप्त भएको छ ।"

इजरायली सञ्चारमाध्यमले पनि जोशी जीवित नरहेको स्पष्ट पारेका छन् । जोशी सन् २०२३ मा 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत कृषि तालिमका लागि इजरायल जानुभएको थियो ।

# निर्वाचनको तयारीमा जुट्न आह्वान

काठमाडौं २८ असोज (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले देशभर नयाँ मतदाताहरूको नाम दर्ता प्रक्रियामा सहभागी हुन पार्टी जनवर्गीय सङ्गठनका सबै कमिटीहरूलाई निर्देशन दिएको छ ।

पार्टीको केन्द्रीय सचिवालय बैठकले निर्वाचन आयोगले कात्तिक मसान्तसम्म मतदाता नामावलीमा उमेर पुगेका नयाँ मतदाताहरूको नाम दर्ता अघि बढाइरहेकाले सो काममा सक्रिय रुपमा लाग्न तथा नयाँ मतदातालाई सहजीकरण गर्न निर्देशन दिएको पार्टी उपाध्यक्ष प्रकाश ज्वालाले जानकारी दिनुभयो ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा काठमाडौंमा सम्पन्न बैठकले वर्तमान सङ्कटको समाधान, गणतन्त्र र संविधानको रक्षा एवं निर्वाचनको भरपर्दो वातावरण बनाउन लोकतान्त्रिक गणतन्त्र, संविधान पक्षधर शक्ति र पार्टीहरूबीच संवाद, सहकार्य अघि बढाउने निर्णय गरेको हो ।

यहाँ सोमबार आयोजित पत्रकार सम्मेलनमा नेता ज्वालाले वामपन्थी, कम्युनिष्ट र समाजवादी पार्टीहरूसँग चलिरहेको एकतासम्बन्धी वार्ता प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुऱ्याउन पार्टीद्वारा गठित वार्ता समितिलाई जिम्मेवारी दिने बैठकले निर्णय गरेको जानकारी दिनुभयो ।


प्रतिनिधिसभाको निर्वाचन घोषित मितिमा, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न सरकार र सम्बन्धित पक्षलाई आग्रह गर्दै बैठकले निर्वाचनको तयारीमा जुट्न आह्वान गरेको छ ।

पार्टी स्थायी कमिटीको बैठक यही असोज २९ गते र केन्द्रीय कमिटीको भर्चुअल बैठक यही असोज ३१ गते बस्ने प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो ।

## *नाधमा डुबेर ...*

राखिएको नाधमा वडा नं. ३ घर भएका दिपक कुमार मण्डलको एक बर्षीय छोरा अभ्यान मण्डलको नाधमा डुबेर मृत्यु भएको हो ।

अभ्यानलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर पुरीले जानकारी दिए ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*